परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २८ २०८१ फाल्गुन १८ आईतवार Sunday 2, MAR 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर


सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## सुन्दरनाथ धाम (सन्दरी मण्ठ) बाट पाँच मोवाईल सहित ६ पाकेटमार पक्राउ

विराटनगर । नेपालको सिमा क्षेत्र देखि करीब ५ किलोमिटर भित्र भारतको बिहार राज्य अररिया जिल्लामा रहेको सन्दरनाथ धाम (सुन्दरी मण्ठ) मा लाग्ने मेलामा ५ थान मोबाईल सहित ६ जना पकेटमारलाई कुवाडी थानाका पुलिसले पक्राउ गरका छन् ।



पक्राउ पर्नेमा मोहम्मद साविरको छोरा वर्ष १९ को मोहम्मद सानू, मोहम्मद राज अलिको छोरा वर्ष १९ को मोहम्मद शहजाद, मोहम्मद डोमाको छोरा वर्ष २३ को मोहम्मद आजाद सहित तीनै जना हामी मोहल्ला वार्ड नं. १८ थाना जोगवनी अररिया ठेगाना रहको छ ।

त्यसैगरी मोहम्मद सोहराव मियाँको छोरा वर्ष को इम्फराज, मोहम्मद अलाउ- द्दीनको छोरा वर्ष ३० को अख्तर मियाँ, प्रेम दास रायको छोरा वर्ष २२ को रजत राय यी तीनै जना मोरंग जिल्लाको रानी एरियाको रहको खुलेको छ ।

सन्दरनाथ धामका माघ महिना भरी प्रत्येक आईतवार नेपाल तथा भारतका भक्त जनहरुको भिड लाग्ने गर्दछ भने शिवरात्री देखि फाल्गुण पूर्णिमा सम्म भगवान शिवलाई जल अर्पण गर्न र घरायसी सरसमानहरु खरिद गर्नका लागि नेपाल र भारतका मानिसहरुको अध्याधिक भिड लाग्ने गर्दछ। त्यही भिडका फाईदा उठाउदै पाकेटमार हरुले पाकेट मार्ने गर्दछन् ।

पाकेटमार देखि साव-धान रहन सुन्दरनाथ धाम आयोजक समितिले बारम्वर माइकिंग गरी पकेटमार देखि सावधान रहन आग्रह गर्दछ। नेपाल वाट जोने भक्तालु हरुले मोटरसाईकलमा गए मन्दिर सम्म पुग्न सकिन्छ ।

चारपाग्रेमा जानेहरु ले नेपाल भारतको सिमा नजिकै चारपाग्रे सवारी साधनलाई पार्किंगग गरी त्यहावाट भारतीय टेम्पुहरु सवार भई मन्दिर सम्म पुगिन्छ ।

## नेकपा एमालेलाई निर्णायक शक्ति बनाउन आवश्यक

विराटनगर । नेकपा एमाले मोरंगको १० औं जिल्ला अधिवेशका प्रमुख अतिथी नेकपा एमालेका उपाध्यक्ष राम बहादुर थापा (वादल) अधिवेशनलाई समुद्घाटन गर्दै राजनीतिक अस्थिरता र द्धन्द्ध अझै अन्त नभएको भन्दै त्यसको अन्त गर्न नेकपा एमालेलाई निर्णायक शक्ति वनाउन आवश्यक रहको वताएका छन् ।

पार्टीमाथि चौतर्फी घेरावन्दी भएको समयमा नेताहरु एकापसमा मिलेर सहमतिमा नेतृत्व चयन गर्न आग्रह गर्दै भने देशमा आर्थिक परिवर्तन, राजनीतिक परिवर्तनका लागि अस्थिरता, अराजकता, दरिद्रताको अन्त समाजवादले मात्र गर्न सक्छ । नेकपा ऐमाले पार्टी बाहेक अन्य पार्टीहरुले आर्थिक असमान्ता र समाजिक विभेदलाई अन्त्य गर्न असम्भव वताए ।

अधिवेशनलाई लक्षित गरी उनले भने, 'सहमति हुनै नसकेको अवस्थामा मात्रै व्यक्तिगत रुपमा प्रतिष्पर्धामा जानुहोला ।' चिट बाँडेर, समूहगत प्रतिष्पर्धा नगरी नेतृत्व चयनमा उनको जोड छ । पार्टी एक ढिक्का भएमात्रै मिसन ८४ सफल हुने वहाँको भनाई छ ।

उनले भने पार्टी नेतृत्वलाई शुद्धीकरण गर्दै लैजानुपर्छ, पार्टीलाई बिस्तार र एकतावद्ध गर्नु उहाँले पार्टीका नेताहरुलाई सुझाव समेत दिदै नेकपा एमालेले २०८४ मा एकल बहुमत लयाउने हो, भने जनताको मन जितन एमालेका नेताहरु जनताको घरदेलोमा पुग्न निर्देशन दिएका छन् ।

त्यसैगरी नेकपा एमालेका उपाध्यक्ष गुरु बरालले अव पार्टी भित्रको विवाद धेरै झेल्न नसक्ने जिल्ला अधिवेशनपछि

वांकी अन्तिम पेजमा...

## महोत्सवमा विवाद गर्न खोजे : बस्नेत

विराटनगर । खेलकुद क्षेत्रमा अराजकता मच्याउनले प्रथम कोशी खेलकुद महोत्सव-२०८१ मा विवाद सिर्जना गर्न खोजेको कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव कृष्ण बस्नेत ( पर्शुराम ) ले बताएका छन ।

विराटनगर स्थित दिल्ली पब्लिक स्कूलको मैदानमा कोशो प्रदेशस्तरीय कराते प्रतियोगिताको शुक्रवार उद्घाटन गर्दै सदस्य सचिव बस्नेतले खेलकुद क्षेत्रमा दादागिरी गर्ने, अराजकता मच्याउनेले खराब अभिप्रायले महोत्सवलाई विवादमा पार्न खोजेको बताएको थियो ।

बस्नेतले नेपाल कराते महासंघको विधानले प्रदेशस्तरको कमिटीलाई मात्रै मान्यता दिएको बताउँदै विधानमा हुँदै नभएको जिल्ला कमिटीले आफ्नो अस्तित्वको दाबी गर्नु कानून सम्मत नभएको समेत स्पष्ट पार्दै उहाँले कराते महासंघ हालसम्म कोशी प्रदेशको खेलकुद संघ / संस्था मार्गदर्शन मातहत दर्ता समेत नभएको र विधानमा समेत जिल्ला संरचनाको अस्तित्व नभए को हुँदा आफैले जिल्ला संघको घोषणा गरेर चिठी लेख्दैमा खेलकुद बोर्ड र मातहतको जिल्ला खेलकुद विकास समितिले समेत मान्यता प्रदान नगर्ने जानकारी गराएका थिए ।

खेलकुद क्षेत्रमा आरा-जकता मच्याउने खोज्नेहरुको कानुनी उपचारका लागि प्रदेशका मुख्यमन्त्री, सामाजिक विकास मन्त्री र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिवसँग

वांकी अन्तिम पेजमा...






## नेकपा...

पालिका र वडाको अधिवेशन गर्नुपर्ने भएकाले जिल्लामा निर्वाचन हुँदा एक थरिको मन फाट्न सक्ने बताउँदै जिल्लाको नेतृत्व सहमतिमा निर्माण गर्नुपर्ने वताए । उनले समाजवादको निर्माण र कार्य दिशालाई बोक्न पाटी भित्रको एकता आवश्यकता रहेको बताए । सबैको एकता, साथ र सहयोगबाट पाटी निर्माण हुने उनको भनाई छ । पाटीको सिद्धान्त कार्यनीति र कार्यक्रम मा एकताले पार्टीको नेतृत्वलाई मेरो विषय बनाउनुपर्ने उनको भनाई थियो ।

स्थायी कमिटी सदस्य तथा कोशी प्रदेश इन्चार्ज शेरधन राईले सहमतिमा नेतृत्व चयनमा जोड दिए । उनले सहमति नभए निर्वाचन जान सकिने बताउँदै सहमतिका नाममा लाद्ने काम नहुने बताए ।

स्थायी कमिटी सदस्य तथा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले एमालेमा एकता भए मोरङमा कुनैपनि राजनीतिदलले प्रतिष्पर्धा गर्न नसक्ने दावी गरे । मोरङमा जुझारू नेतृत्व आवश्यक रहेको बताउँदै कार्कीले अधिवेशनले जुझारू नेतृत्व चयनगरि एमालेलाई मोरङमा एक नम्बर बनाउन आग्रह गरे ।

केन्द्रीय सदस्य तथा मोरङ इन्चार्ज जीवन घिमिरेले मोरङको समृद्धिको खाका अधिवेशनले बनाउने बताए। राजनीति र सांगठनिक यात्राको खाका बनाएर अघि बढ्ने बताउँदै उनले सहमतिमा नेतृत्व चयनका लागि जोड दिए ।

कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाले विगतको समीक्षा, आगामी कार्यक्रमबारे अधिवेशनमा छलफल गरि आगामी कार्ययोजना बनाउन आग्रह गरे । उनले सहमतिमा नेतृत्व चयन गर्न सुझाव दिदैं एकताको अधिवेशन बनाउनु पर्ने बताए ।

एमाले मोरङका पूर्व अध्यक्ष ऋषिकेश पोखरेलले पनि सहमतिमा नेतृत्व चयन गर्नुपर्नेमा जोड दिए। जिल्ला अधिवेशनका लागि ९ सय १४ जना प्रतिनिधि छानिएका छन् । जसमध्ये १७ वटा स्थानीय तहको १ सय ५९ वडाबाट ६ सय ९२ जना, २३ वटा जनवर्गीय संगठनबाट १ सय १ जना, विशेष क्षेत्रबाट २४ जना, दलित ५१ जना र मनोनित ४६ गरी ९ सय १४ जना प्रतिनिधि चयन गरिएको छ ।

फागुन १९ गतेसम्म चल्ने अधिवेशनले १ सय ६५ सदस्यीय नयाँ नेतृत्व चयन गर्नेछ ।

## महोत्सवमा...

सल्लाह गरिरहेको बस्नेतले दावी गरेका थिए ।

कराते प्रतियोगिताको उद्घाटन समारोहको कोशी प्रदेश सभा सदस्य भिम पराजुलीले आफूले महानगर को प्रमुख हुँदा पाँचौ साफ महिला फुटबल विराटनगरमा आयोजना गर्न सफल भएको स्मरण गर्दै प्रदेश खेलकुद महोत्सवलाई आफ्नो सम्पूर्ण सहयोगहुने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो। पराजुलीले समाजमा देखा परेको नकारात्मकता लाई खेलकुद को माध्यमबाट परास्त गर्न सकिने धारणा समेत व्यक्त गर्नु भएको थियो ।

महोत्सव अन्तर्गतको कराते प्रतियोगिताको विभिन्न विधामा कोशी प्रदेशका १४ वटै जिल्लाका खेलाडीहरु सहभागिता रहेको छ ।

# दुर्घटना न्युनीकरण, सडक सुरक्षा सचेतना तथा स्टिकर लोकापर्ण



बिराटनगर । बिराटनगर महानगरपालिका-११ स्थित बसपार्कमा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन र नेपाल यातायात मजदुर संघले "दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा सचेतना जागरण अभियान अन्तर्गत स्टिकर लोकापर्ण कार्यक्रमको शुभारम्भ गरेको छ ।

फागुन ११ गते कोशी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीको प्रमुख आतिथ्य-तामा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन मोरङका जिल्लाका अध्यक्ष, उत्तम बन्जराको अध्यक्षता कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमलाइ सम्बोधन गर्नुहुदै प्रमुख अतिथि अधिकारीले सवारी दुर्घटना को त्रिबर्षिय तथ्याङ्क हेर्दा मानबिय कारणबाट धेरै सवारी दुर्घटना हुने गरेकाले हामिले दुर्घटना न्यूनीकरण गर्नका लागी घर -घरबाट सावारी दुर्घना न्यूनीकरण अभियान संचालन गरी सचेत हुन जरुरी रहेको बताउँदै यात्रुबहाक सवारी साधन हरुमा ट्राफिक नियम सम्बन्धी स्टिकर समेत टाँस गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राई, नेपाल यातायात मजदुर संघका केन्द्रीय उपाध्यक्ष कमल राई, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन कोशी प्रदेशका अध्यक्ष गौरी लामा, जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक नारायण चिमरिया, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रहरी नायब उपरीक्षक रामेश्वर त्वाती, संचारकर्मीहरु, बिभिन्न सघं संगठनका प्रतिनिधिहरु यातायात व्यवसायी, चालक लगायतको उपस्थिती रहेको थियो ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, बिराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५0% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

फोहरमैलाको उचित व्यवस्थापन गरौं ।

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहर नफालौं,
- फोहरलाई डस्वीन वा फोहर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं.
- कुहिने, नकुहिने र पुन : प्रयोग गर्न मिल्ने गरी छुट्टा-छुट्टै भाँडामा फोहरहरु राखौं ।

फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।

नेपाल सरकार
कृषितथा पशुपंछी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
बिराटनगर, मोरङ्ग

स्वाच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन तथा उपभोग्य मिति, व्याच नं., समिश्रण, तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- खाद्य पदार्थ संग सिधा सम्पर्कमा रही पोको पार्न, पस्कन तथा भण्डारण गर्न पत्र(पत्रिका, मसी छापिएका वा रङ्गिन कागजको प्रयोग नगरौं ।
- सडकपेटी, बजार, मेला लगायतका स्थानहरूमा खुला रूपमा बिक्री वितरण हुने लेबल नभएका रङ्गिन कटन क्याण्डी, अखाद्य रंगको प्रयोग भएका मिठाइ जस्ता खाद्य पदार्थ उपभोग नगरौं ।
- अस्वाभाविक गन्ध भएका, सडेगलेका, फोहोर ठाउँमा उत्पादन गरिएका खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुमति लिएर मात्र उत्पादन तथा बिक्रि वितरण गर्ने गरौं ।
- खाना खाजा खुवाउने होटल रेष्टुरेन्टहरुले स्वच्छता तथा सरसफाई कायम राख्ने गरौं ।
- खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।

सम्पर्क नं. ०२१(४७४८२८, ०२१(४७४२२१

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्यामं सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# खेलको गति नै खेलाडीको प्रगति

कोशी प्रदेशको राजधानी विराटनगरका कोशी प्रदेश खेलकुद विकास वोर्ड, कोशी प्रदेश विराटनगरको आयोजनामा देलको गति नै खेलाडीहरुका प्रगति मूल नाराका साथ कोशी प्रदेश खेलकुद महोत्सव फाल्गुन १३ गते मंगलवार देखि शुरु भई फाल्गुन १८ गते आज सम्पन्न हुँदैछ। कोशी प्रदेशले खेलकुद क्षेत्रको विकास तथा युवाहरूलाई सक्रिय र स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्न प्रथम कोशी प्रदेश खेलकुद महोत्सवको आयोजना गरेको छ। यो महोत्सव केवल प्रतिस्पर्धात्मक खेलहरूको मञ्च मात्र नभई खेल प्रतिभाहरूलाई पहिचान, प्रोत्साहन तथा विकास गर्ने महत्वपूर्ण अवसरको रूपमा स्थापित भएको छ।

बोर्डको बार्षिक कार्यक्रममा समावेश गरी १४ जिल्लाका एथलेटिक्स, कबड्डी, डोरीतान, सफ्ट टेनिस, कराते, तेक्वान्दो, बुद्धिचाल, बाघचाल, महिला फुटबल, महिला भलिबल, टेवलटेनिस सहित ११ वटा खेलहरु महोत्सवमा समावेश गरेका छन्। महोत्सवले स्थानीय खेलाडीहरूलाई आफ्नो प्रतिभा देखाउने तथा खेल जगतमा नयाँ अवसरहरू सिर्जना गर्ने महत्वपूर्ण आधार तयार गरेको छ।

प्रतियोगितामा १ करोड ७८ लाख ७७ हजार ५३ खर्च हुने अनुमान गरिएको छ। उक्त रकम प्रदेश खेलकुद विकास बोर्डबाट १ करोड २० लाख र वांकी रकम प्रदेश सरकार, निजी क्षेत्र र खेलप्रेमी व्यक्तिहरुवाट पूर्ति गर्ने गरी महोत्सवलाई सफल बनाउन सरकारी निकाय, स्थानीय तह, खेल संघहरू, व्यवसायी तथा नागरिक समाजको सहकार्य अपरिहार्य छ। दीर्घकालीन रूपमा यस्ता महोत्सवलाई निरन्तरता दिने र प्रदेशलाई खेलकुदको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने रणनीति तयार पार्न आवश्यक छ। प्रथम कोशी प्रदेश खेलकुद महोत्सव केवल केही दिनको उत्सव मात्र नभई, कोशी प्रदेशको खेलकुद क्षेत्रको दीर्घकालीन उत्थानको आधारशिला बन्न सकोस् भन्ने आशा गर्न सकिन्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री,रु, रे, रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# सहकारी संस्था व्यवस्थित गर्न ल्याएको अध्यादेशमा के छ ?

**गतअंकको वांकी अंश**

सहकारी ऐन २०७४ मा गरिएको व्यवस्था अनुसार 'सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाहसम्बन्धी सूचना प्राप्त गर्ने समेतको कार्य गर्न सहकारी मन्त्रलयले सरोकार वालाको सहभागितामा कर्जा सूचना केन्द्र स्थापना गर्नेछ' भन्ने व्यवस्था गरेको छ। त्यससम्बन्धी विस्तृत व्यवस्था सहकारी नियमावली २०७५ मा गरिएको छ।

सहकारी अध्यादेश २०८१ ले भने त्यो व्यवस्था खारेज गरेर 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानुनबमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी बचत तथा ऋण कारोबारको सूचना आदानप्रदान गर्नुपर्नेछ' भन्ने व्यवस्था गरेको छ। यसमा विद्यमान कर्जा सूचना केन्द्रको सदस्यता लिनुपर्ने बाहेक कुनै तात्विक सुधार भएको देखिँदैन। बरू सहकारीको बचत कारोबारको समेत सूचना दिनुपर्ने भ्रम सिर्जना भएको छ।

कर छुट तथा सुविधा

सहकारी परम्परागत मुनाफाका लागि गरिने व्यापार व्यवसायभन्दा फरक किसिमले सञ्चालन गरिने, तिनीहरूले आर्थिक विकासमा दिने योगदान, सामाजिक उन्नतिमा खेल्ने भूमिका लगायतलाई विचार गरे कर छुट तथा सुविधा दिने सामान्य अन्तर्राष्ट्रिय अभ्यास छ।

यही मान्यताअनुरूप नेपालमा पनि सुरूदेखि नै सहकारीलाई आय टिकट तथा रजिस्ट्रेसन दस्तुरबाट छुट दिने व्यवस्थाले निरन्तरता पाएको छ।

यसैगरी भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर छुट दिने पनि गरिएको छ। तर आयकर छुट दिने सन्दर्भमा विभिन्न प्रयोग भएका देखिन्छन्। २०१६, २०४१ र २०४८ मा लागू गरिएका सहकारी कानुनअनुसार सहकारीको नाफामा लाग्ने आयकर वा नाफाबापत त्यस्ता संस्थाका सदस्यले पाएको लाभांशमा सरकारले आयकर माफी गर्न सक्ने व्यवस्था गरिएको थियो। सहकारी ऐन २०४८ मा २०५७ गरिएको संशोधनले सहकारीले गरेको मुनाफा र सदस्यले पाएको लाभांशमा आयकरमा दिइएको छुट हटाइएको थियो।

सहकारी ऐन २०७४ ले परिच्छेद-१३ अन्तर्गतको छुट, सविधा र सहुलियतसम्बन्धी दफा ७८ मा एकातिर जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर नलाग्ने व्यवस्था गरेको छ। अर्कातर्फ परिच्छेद-२० को दफा १४१ मा फेरि महानगर पालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई क्रमशः १० प्रतिशत, ७ प्रतिशत र ५ प्रतिशत कर लाग्ने व्यवस्था गरेको छ।

यस किसिमका व्यवस्थाले सहकारी ऐन २०७४ निर्माणमा विज्ञहरूको भन्दा स्वार्थ समूहको प्रभाव बढी रहेको हुन सक्छ भन्ने संकेत मिल्छ।

आयकरका सन्दर्भमा अमेरिकामा आन्तरिक राजस्व संहितामा सहकारीलाई विभिन्न कर छुट दिइएका छन्। भारतमा संघीय सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर सहकारीको नाफा वा नाफाका कारण सहकारीका सदस्यहरूले प्राप्त गर्ने लाभांश वा अन्य भुक्तानीमा लाग्ने आयकर छुट दिन सक्ने व्यवस्था गरेको छ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण

हालसम्म लागू गरिएका सबै सहकारी ऐनले सहकारीको नियमन गर्ने जिम्मा नेपाल सरकारको रजिस्ट्रार कार्यालयलाई दिएको थियो। तर दक्ष तथा पर्याप्त कर्मचारी अभावले उक्त कार्यालयले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न नसकेकाले सहकारी अध्यादेश २०८१ ले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अवधारणा अगाडि सारेको छ।

यसअनुसार नेपाल सरकारले २०८१ माघ १४ गते अर्को व्यवस्था नभएसम्म भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवको अध्यक्षतामा प्राधिकरण गठन गरेको छ। तर अध्यादेशले गरेको प्राधिकरणको बनोट, त्यसका अध्यक्ष तथा सदस्यका लागि तोकिएको शैक्षिक योग्यता तथा अनुभव, त्यसको अधिकार र कार्यक्षेत्रका साथै प्राधिकरणका लागि गरिएको कर्मचारी व्यवस्था हेर्दा यसले प्रभावकारी रूपमा सहकारी क्षेत्रको नियमन तथा विकास गर्न सक्ने देखिँदैन।

प्राधिकरणको तर्जुमामा देखापरेका सीमितता सुधार गरेर यसले नेपालको सहकारी आन्दोलनलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्ने संस्थाका रूपमा विकसित गरिनुपर्छ, जसबाट सहकारीले नेपालको दिगो विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सकोस्।

निष्कर्ष

सहकारी क्षेत्रले सुशासनको कमी, सरकारको अनावश्यक हस्तक्षेप, सहकारीसम्बन्धी शिक्षा अभावले सदस्यमा सक्रियताको कमी, पुँजी निर्माणका लागि प्रयासको कमी, योग्य र सक्षम पेसाकर्मीहरू आकर्षित गर्न र कायम राख्न नसकेको, सञ्चालक समितिको निर्वाचन समयमा नभएको र सहकारीका केही ठगहरूले सहकारीको ठूलो मात्रामा दुरूपयोग गरेका जस्ता समस्या भोलिरहेको छ।

बैंकिङ क्षेत्रको तुलनामा सहकारीमा रकम जम्मा गर्न र ऋण लिन सहज भएकाले कतिपय बचत तथा ऋण सहकारी बदमासी गर्ने अभिप्रायले मात्र स्थापना भएको पनि अनुमान छ। कुल सहकारीमा तिनीहरूको हिस्सा आधाजति नै छ, जुन अन्तर्राष्ट्रिय हिसाबले निकै उच्च छ।

सहकारीलाई नियमन गर्न उपयुक्त नियमहरू तर्जुमा गर्नुका साथै राष्ट्रिय सहकारी प्राधिकरणको उपयुक्त स्वरूप तय गरेर एक उच्चस्तरीय प्रभावशाली र प्रभावकारी संस्थाका रूपमा विकसित गरिनुपर्छ, जसले सहकारीको सक्षमतासाथ नियमन मात्र नभई विकास र विस्तारमा पनि महत्त्वपूर्ण भूमिका खेल्न सकोस्।

सहकारीलाई नियमन गर्ने नाममा अनावश्यक नियम, प्रक्रिया तथा कागजी आवश्यकताहरू थुपारिनु हुँदैन। तिनलाई अनावश्यक रूपमा बढी नियन्त्रण गर्ने कुप्रयास हुनु हुँदैन। सहकारी स्वभावैले कम नियमन र कम सरकारी हस्तक्षेप हुनुपर्ने संस्था हुन्। अन्य बैंक तथा वित्तीय संस्थाले पालना गर्नुपर्ने व्यवस्थाहरू सहकारीमा पनि लागू गरिए तिनीहरूको लागत बढ्ने मात्र नभई तिनीहरूलाई बाँच्नै धौ धौ हुन सक्छ।

उदाहरणका लागि –

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# भाडाको घरबाट सुरु भएको गोल्डेन अस्पताल अत्याधुनिक कर्पोरेटमा परिणत



विराटनगर। कोशी प्रदेशको राजधानी विराटनगरको हस्पिटल चौकमा भाडाको भवनबाट सुरु भएको गोल्डेन अस्पताल प्रा.लि १४ औं वर्षमा आईपुग्दा विराटनगर-११ स्थित आफ्नै १ विघा क्षेत्रफल भएको जग्गामा अत्याधुनिक कोर्पोरेट अस्पताल संचालन गर्न सफल भएको छ।

१४ औं वार्षिक उत्सवको कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ फिजिसियन डा. रमेश कुमार चौरसियाले गोल्डेल अस्पताल अहिलेको अवस्थामा आई पुग्न डाक्टर र मेनेजमेन्टको टीम वर्क, इमान्दारीता, लगनशीलता र निरन्तरताले गर्दा १५ सैयाबाट सुरु भएको अस्पताललाई १ सय सैयामा पुऱ्याउन सफल भएको भन्दै यो सफलता सबैको साथ र सहयोगले सम्भव भएको वताए।

त्यसैगरी संस्थापक संचालक डा. श्याम रौनियारले अस्पताल न्युनतम प्रविधी प्रयोग गरी १४ वर्ष अगाडी सुरु भएको भन्दै अहिले अत्याधुनिक मेशीनहरुबाट नयां-प्रविधी प्रयोग गरी टिचिङ्ग हस्पिटल भन्दा सस्तोमा उपचार गर्दै आएकै कारण हाम्रो अस्पताला उन्नती प्रगती गर्दै आएको वताए।

अस्पतालमा नेपालकै सबैभन्दा उत्कृष्ट सुपर स्पेसियालिटी टिम, सर्वश्रेष्ठ ट्रमा, न्यूरो तथा आरटीए म्यानेजमेन्ट टिम, उपलब्ध छन्। १३ वर्ष देखि निरन्तर र पुर्व मै पहिलो मृगौला रोग विशेषज्ञज टिम को सेवासहित, हामीले ल्याप्रोस्कोपिक कोलेसिस्टेक्टोमी (पित्तथैली शल्यक्रिया) प्याकेज (जस्मा मेडिसिन, बेड, अनेस्थेसिया लगायतका सम्पूर्ण खर्च) मात्र रु. ३९ हजार ५ सयमा उपलब्ध गराइरहेको अस्पतालका प्रमुख कार्यकारी अधिकृत मोहम्मद जियाउल हकले जानकारी गराए।

गोल्डेन अस्पतालको सेवा नेपालीहरुका लागि मात्र सीमित छैन, यसले छिमेकी राज्यहरु बिहार, उत्तर प्रदेश र पश्चिम बंगालका बिरामी हरूका लागि पनि पहिलो रोजाइको अस्पताल बन्न सफल भएको छ। यही लक्ष्यका साथ, अस्पतालले आफ्ना सेवाहरूलाई निरन्तर सुधार गर्दै चिकित्सक, दक्ष स्वास्थ्यकर्मी, र अत्याधुनिक प्रविधिसँग स्वास्थ्य सेवा प्रदान गरिरहेको अस्तालले दावी गरको छ।

अस्पताले २०८१ मंसिर २१ देखि सीटीइभीटीबाट अनुमोदित कलेज सञ्चालन गरी डिप्लोमा इन फार्मेसी, पीसीएल नर्सिङ र पीसीएल जनरल मेडिसिन कार्यक्रम सुरु गरेका समेत सरु गरको छ।

१४ औं वार्षिक उत्सव गोल्डेन अस्पतालका अध्यक्ष आरती आनन्द रौनियारको अध्यक्षतामा सम्पन्न भएको थियो।

# डाक्टरको लापार्वाहीका कारण लालु यादवको मृत्यु

अमित ठाकुर/रौतहट, फाल्गुन १२ गते। रौतहटको गौर नगरपालिका-१ स्थित गौर सेन्ट्रल अस्पतालको लापरबाहीका कारण १८ वर्षीय लालु यादवको मृत्यु भएको छ। मृतकका परिवारले निष्पक्ष छानबिनको माग गरेका छन्।

गौर-३ का धर्मेन्द्र यादवका छोरा लालु यादवको आन्द्राको शल्यक्रिया (अपरेसन) गर्ने क्रममा मृत्यु भएको छ। मृतकका काका देवेन्द्र अधिकारीले पत्रकार सम्मेलन गर्दै अस्पताल प्रशासनको चरम लापरबाही का कारण भतिजाको ज्यान गएको आरोप लगाएको छ। जबरजस्ती निजी अस्पताल पठाइएको भन्दै कमिशनकै कारण भतिजो लालुको ज्यान गएको वहाँको भनाइ छ।

उनले सरकारी अस्पताल मा उपचार सम्भव हुँदा पनि बिरामीलाई निजी अस्पतालमा पठाउनु केवल रौतहटको गौर नगरपालिका-१ स्थित गौर सेन्ट्रल अस्पतालको लापरबाही का कारण १८ वर्षीय लालु यादवको मृत्यु भएको भन्दै पीडित परिवारले निष्पक्ष छानबिनको माग गरेका छन्।

गौर-३ निवासी धर्मेन्द्र यादवका छोरा लालु यादवको आन्द्राको शल्यक्रिया (अपरेसन) गर्ने क्रममा मृत्यु भएको हो। मृतकका काका



काका अधिकारीका अनुसार लालु यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल, गौरमा लगिएको थियो। तर त्यहाँ कार्यरत चिकित्सक पंकज साहले मृतक यादवलाई निजी अस्पतालमा रिफर गरिदिए को आरोप लगाएको छ। डाक्टर साह, घनश्याम ठाकुर लगायत केही चिकित्सकको मिलेमतोमा बिरामीलाई देवेन्द्र अधिकारीले पत्रकार सम्मेलन गर्दै अस्पताल प्रशासनको चरम लापरबाही का कारण भतिजाको ज्यान गएको आरोप लगाए।

घटनापछि मृतकका आफन्त र स्थानीयवासी आक्रोशित बनेका छन्। उनीहरूले दोषी चिकित्सक तथा अस्पताल प्रशासन विरुद्ध कडा कारबाहीको माग गर्दै आन्दोलनको चेतावनी दिएका छन्।

# विराट गोल्डकप आयोजक र सुरक्षा निकाय बीच छलफल

विराटनगर। विराट गोल्डकप फुटबल प्रतियोगिता आयोजक समिति र सुरक्षा निकायका पदाधिकारीहरू बीच छलफल भएको छ।

विराट गोल्ड कप प्रतियोगिता २०८१ का संयोजक नविन रिजालले सुरक्षा निकायका पदाधिकारीहरूलाई प्रतियोगिताका विषयमा जानकारी गराएका थिए। उनले ७ हजार ५ सय दर्शक अटाउने क्षमता रहेको विराटनगरको सहिद रंगशाला र यसको वस्तुस्थितिका विषयमा समेत ब्रिफिङ गरेका थिए।

मोरङका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका पदाधिकारी सम्मिलित छलफलमा रात्रीकालिन फुटबल प्रतियोगितामा खेलमैदान भित्र पनि हुनसक्ने सम्भावित जोखिम र व्यवस्थापनका विषयमा छलफल भएको थियो। फागुन १९ देखि २८ गतेसम्म सहिद मैदानमा दिवा रात्री कालिन समयमा फुटबल प्रतियोगिता हुदैछ।

कोशी प्रदेशका प्रहरी प्रमुख डिआइजी राजन अधिकारी, मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, मोरङका प्रहरी प्रमुख एसपी नारायण चिमरिया, राष्ट्रिय अनुसन्धान मोरङका प्रमुख एसपी तिलक प्रसाई, सशस्त्र प्रहरी डिएसपी सुधिर खतिवडा, जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका वरिष्ठ प्रहरी नायव निरीक्षक यज्ञराज शर्माको उपस्थिति रहको थियो।

नेपालका ८ र भारतका २ गरी १० टिमको सहभागिता रहने खेल भएकोले खेलाडी, दर्शक, दर्शकको सवारी साधन र अन्य सुरक्षार्थ सबै खाले सहयोगका लागि आयोजकले आग्रह गरेको थियो।

छलफल संगै मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गोल्डकप फुटबल प्रतियोगिताका लागि आवश्यक सबैखाले सुरक्षाको व्यवस्थापन गर्ने बताए।

सो छलफलमा विराट गोल्ड कप फुटबल ट्रष्टका अध्यक्ष किशोरबहादुर शाही, मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी, वरिष्ठ उपाध्यक्ष अनिल साह लगायतको पनि सहभागिता रहेको थियो।

# लागुऔषध सहित ६ पक्राउ

विराटनगर। झापा, मोरङ,उदयपुरको विभिन्न स्थानहरुबाट लागूऔषध ब्राउनसुगर सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

फागुन १६ गते शुक्रवार प्रहरी चौकी महेशपुरबाट खटिएको प्रहरी टोलिले झापा भद्रपुर नगरपालिका-३ स्थितबाट चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ आउँदै गरेको बा. ९० प १६७५ नम्बरको स्कुटरमा सवार सुनसरी रामधुनी नगरपालिका-३ का २७ हिरालाल बिश्वकर्मा र जिल्ला तनहुका २४ बर्षीय सुदिप विश्वकर्माको साथबाट लागूऔषध ब्राउनसुगर २ ग्राम ७८९ मिलिग्राम सहित पक्राउ गरेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय पथरीले पथरी शनिश्चरे-१० स्थितबाट बेलबारी नगरपालिका -२ का २१ बर्षीय बिशाल खड्का र १९ बर्षीय सौगात थापालाई प्रतिबन्धित औषधी ट्रमाडोल -१९० चक्की, स्पासमिड -१९० चक्की सहित पक्राउ गरेको थियो।

उदयपुरको त्रियुगा नगर पालिका-६ स्थितमा प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलिले सोहि स्थानका २८ बर्षीय बिजय राई, २९ बर्षीय गोरब राई र २५ बर्षीय अबिनाश राईलाई डाईजेपाम-४ एम्पुल, प्रोमेथाजिङ -५ एम्पुल, बुप्रिनोर्फिन-६ एम्पुल सहित नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भइरहेको छ।

# बागमती महिलाटोलीलाई हराउँदै एपिएफले चुम्यो उपाधी

विराटनगर। बागमती महिला टोलीलाई ३-० को सोझो सेटमा पराजित गर्दै एपिएफ महिला टोलीले महिला भलिवलको उपाधि चुमेको छ।

नेपाल खेलकुद महासंघ कोशी प्रदेश कमिटीको आयोजना तथा कोशी प्रदेश खेलकुद विकास बोर्डको संयोजनमा सम्पन्न मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता २०८१ को उपाधि सशस्त्र प्रहरी बल (एपिएफ) क्लबले जितेको हो।

दमक स्थित हिमालय माध्यमिक विद्यालयको मैदानमा सम्पन्न फाईनल खेलको पहिलो सेटमा एपिएफले २५ अंक हासिल गर्दै बागमतीलाई १० अंकमा रोक्न सफल भएको थियो भने दोस्रो सेटमा एपिएफले २५ अंक जित्दा बागमती २२ मा रोकिएको थियो।

अन्तिम सेटमा बागमतीले १८ अंक प्राप्त गर्दा एपिएफ २५ अंक जित्दै उपाधि आफ्नो पक्षमा पार्न सफल भएको थियो।

प्रतियोगिताको उपाधि जित्दै एपिएफले ट्रफी, मेडल, प्रमाणपत्र सहित ५ लाख र उपविजेता बागमतीले ट्रफी, मेडल, प्रमाणपत्र सहित ३ लाख प्राप्त गरेको छ। फाईनल खेलमा उत्कृष्ट प्रदर्शन गर्नुभएको एपिएफको कविता भट्ट 'वुमन अफ म्याच' बन्न सफल हुनुभएको थियो।

त्यस्तै, प्रतियोगिताको उत्कृष्ट खेलाडी एपिएफकी निरूता ठगुन्ना, उत्कृष्ट सर्भर कविता भट्ट, उत्कृष्ट डिफेन्डर शान्तिकला तामाङ, उत्कृष्ट स्पाइकर सलिना बुढा मगर, उत्कृष्ट ब्लकर सुमित्रा रेग्मी, उत्कृष्ट सेटर जस्ना महतो र उत्कृष्ट कोच महेश चौधरी हुनुभएको थियो।

उत्कृष्ट खेलाडी ठगुन्नाले ट्रफी सहित नगद २५ हजार र अन्य विधाका उत्कृष्टहरूले ट्रफी सहित जनही १० हजार प्राप्त गर्नु भएको थियो।

प्रतियोगिताको विजेता लगायत अन्य उत्कृष्ट खेलाडीलाई कोशी प्रदेशका संस्थापक मुख्यमन्त्री शेरधन राई, कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव कृष्ण बस्नेत (पर्शुराम) लगायतले ट्रफी, मेडल हस्तान्तरण गर्नु भएको थियो।






# रात्रीकालिन विराट गोल्पकप फुटबल प्रतियोगिताको तयारी तिब्र



विराटनगर। विराटनगरको ऐतिहासिक विराट गोल्ड कप फुटबल प्रतियोगिता २०८१ को तैयारी तिब्र रुपमा भईरहेको छ।

फागुन १९ गते देखि २८ गतेसम्म बेलुकी ४ बजेदेखि रात्री ९ बजेसम्म रात्रिकालिन तालिकामा शहिद रंगशालामा आयोजना हुन लागेको उक्त प्रतियोगितालाई अझ व्यापक, आकर्षक एवं लोकप्रिय बनाउन आयोजक समिति अहोरात्र खटिरहेको प्रतियोगिताको संयोजक नवीन रिजालले जानकारी गराएको छ।

प्रतियोगिताको प्रचार प्रसार समितिका सह-संयोजक श्रृति शर्मा र अमित अग्रवालको नेतृत्वमा विराटनगरका विभिन्न स्थानहरु उपस्थित भई आगामी प्रतियोगिताका बारेमा जानकारी गराउने कार्य भई रहेको छ। सह-संयोजकहरुसँग जिना श्रेष्ठ, राहुल शर्मा, अभिषेक भट्टराई, गौरव भट्टराई र जतिन ताम्राकार सहितको टोलीले विराटनगरका कलेजहरु तथा विद्यालयहरुमा समुहगत छलफल गरेको छ। समुहगत छलफलमा विद्यार्थी र शिक्षकहरुको उत्साहजनक उपस्थिति देखिएको थियो।

समुहगत छलफल मार्फत आयोजक समितिले यस पटकको सो रात्रिकालिन प्रतियोगतालाई अझ अन्तर्राष्ट्रियस्तरको शैलीमा संचालन गर्न लागिएको जानकारी गराउँदै सोही अवधिमा साँस्कृतिक कार्यक्रम, फेस अफ द गोल्ड कप, टिकटक कम्पीटिसिन लगायत का आकर्षक कार्यक्रमहरु पनि समावेश गरिएको जानकारी गराएका थिए।

टुर्नामेन्टको सहभागीहरु मध्ये प्रत्येक दिन ३ जनालाई फेस अफ द गोल्ड कप गिफ्ट हेम्पर दिईने, प्रत्येक २ सयको टिकट खरिद गर्दा २ हजार भन्दा बढिका छुट कुपनहरु उपलब्ध गराइने, रमपमको टिकट क्यास व्याक अफर प्राप्त गर्न सकिने लगायत विभिन्न स्कीमहरु राखिएका छन्। टुर्नामेन्टमा नेपाल र भारतका राष्ट्रिय फुटबल टीमहरु बीच रात्रिकालिन प्रतिस्पर्धा हुने छन्।

# जीवन विकासको केन्द्र प्रमुखहरुको गोष्ठी सम्पन्न

विराटनगर। जीवन विकास लघुवित्त वित्तीय संस्थाले १९ शाखा कार्यालय हरुमा केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। जीवन विकासले हरेक शाखामा २-२ वर्षमा केन्द्र प्रमुख गोष्ठी तथा सदस्यलाई वित्तीय सचेतनाका लागि वित्तीय साक्षरता गोष्ठी सञ्चालन गर्दै आएको छ। फागुन ८ गते देखि ११ गतेसम्म १६० शाखा मध्ये १९ वटा शाखामा कार्यक्रम आयोजना गरेको हो।

जीवन विकासले भारदह, सोनबर्षा, खयरमारा, इटाभट्टा, राजगढ, किसानपुर, बुधनगर, औरही, बनियानी, नाढीताल, टाघडुब्बा, सबैला, मझारे, पतारी, खुदुनावारी, हनुमान चौक, दमक, अमाही र नर्घो शाखामा केन्द्र प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम गरेको हो।

सबै शाखाले आफ्ना कार्यक्षेत्रका अति विपन्न बालबालिकाकालाई एक वर्षका लागि आवश्यक शैक्षिक सामग्री व्यहोर्ने गरी छात्रवृत्ति प्रदान गरेका थिए।

शाखामा रहेका उत्कृष्ट बचतकर्ता, ह्युमन एटिएम, ऋणी, उद्यमी तथा केन्द्रहरुलाई पुरस्कार प्रदान गरेको थियो। वित्तीय साक्षरता प्रदान गरिने कार्यक्रम मार्फत जीवन विकासले सदस्यको गुनासोको सुनुवाई पनि गर्छ।

राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको जीवन विकासले कोशी प्रदेश, मधेश र बागमती प्रदेशका ३१ जिल्लामा १६० वटा शाखा मार्फत सेवा प्रवाह गरिररहेको छ। शाखा मार्फत करिब ३ लाख ५० हजार विपन्न परिवार आवद्ध भइ कारोबार गरिरहेका छन्।

वित्तीय संस्थाबाट करिब २ लाख सदस्यहरुले ऋण लिएर आर्थिक प्रगति गरिरहेका छन्। जीवन विकासले २७ अर्ब भन्दा बढी ऋण कारोबार र ११ अर्ब भन्दा बढी बचत परिचालन गरेको छ।

# कबडी प्रतियोगिताको उपाधि मोरंगको पोल्टामा

विराटनगर। प्रदेशस्तरीय पुरुष कबड्डी प्रतियोगितामा झापालाई हराउदै मोरङले जीत आफ्नो पोल्टामा पारेका छन।

कोशी प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा जारी प्रथम कोशी प्रदेश खेलकुद महोत्सव-२०८१ को दोस्रो दिन प्रदेशस्तरीय पुरुष कबड्डी प्रतियोगिताको उपाधि मोरङ जिल्ला टोलीले जीत हात पारेको छ।

मोरङले झापाको २० अंक विरुद्ध ३१ अंक हासिल गर्दै प्रतियोगिताको उपाधि आफ्नो पक्षमा पारेको हो। कोशी प्रदेशका १३ टिमको सहभागिता रहेको प्रतियोगितामा मोरङले उपाधि सँगै ट्रफी, मेडल र नगद १ लाख पुरस्कार प्राप्त गरेको छ भने झापाले उपविजेताको ट्रफी, मेडल र ५० हजार नगद पुरस्कारमा चित्त बुझाएको छ।

त्यसैगरी प्रदेशस्तरीय महिला फुटबलमा झापा, मोरङ, सुनसरी र धनकुटा विजयी भएका छन।

प्रदेशस्तरीय महिला फुटबल प्रतियोगितामा झापा, मोरङ, सुनसरी र धनकुटाको जिल्ला टोली विजयी भएको छ। दिल्ली पब्लिक स्कूलको मैदानमा सम्पन्न प्रथम खेलमा तेह्रथुम जिल्ला टोलीलाई ० विरुद्ध ६ गोल गर्दै झापा विजयी भएको हो।

झापाको जितमा जेनिफर मगरले २, सिम्रन राई, मंजिला योङ्हाङ्ग, रेणु लिम्बू र खुस्मा राईले एक-एक गोल गर्नु भएको थियो।

त्यस्तै, दोस्रो खेलमा खोटाङलाई ० विरुद्ध १ गोल गर्दै मोरङ विजयी भएको थियो। मोरङको लागि रेसना राईले खेलको १५ औं मिनेटमा निर्णायक गोल गर्नु भएको थियो। तेस्रो खेलमा सुनसरीले सोलुखुम्बुलाई ३ - ० गोलले पराजित गर्दै खेल आफ्नो पक्षमा पारेको थियो। सुनसरीको लागि जुनु लिम्बूले २ र सुमित्रा राईले १ गोल गर्नु भएको थियो।

चौथो खेलमा ओखलढुङ्गा विरुद्ध अन्तिम समयमा गोल गर्दै धनकुटाले खेल आफ्नो पक्षमा पारेको थियो। धनकुटाका लागि खेलको अन्तिम समयमा 'वुमन अफ द म्याच' अनिशा राईले गोल गर्दै धनकुटालाई विजयी बनाउनु भएको थियो।

कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव कृष्ण बस्नेत (पर्शुराम) ले फागुन १३ देखि १८ गते सम्म चल्ने खेलकुद महोत्सवमा हालसम्म एथलेटिक्सका स्पर्धाहरु, डोरीतान र पुरुष कबड्डी प्रतियोगिता सम्पन्न भैसकेको जानकारी दिनुभयो।

महोत्सवमा प्रदेशस्तरीय महिला फुटबल, महिला तथा पुरुष दौड, महिला तथा पुरुष कब्बड्डी, भेट्रान बाघचाल, महिला तथा पुरुष टेबलटेनिस, महिला तथा पुरुष बुद्धिचाल, महिला तथा पुरुष कराते, महिला तथा पुरुष तेक्वान्दो र पुरुष सफ्टटेनिस र डोरीतान लगायतको खेलकुद प्रतियोगिता समावेश छन्।




# सुनसरी र धनकुटाबाट लागुऔषध सहित तीन पक्राउ

विराटनगर। सुनसरी र धनकुटा जिल्लाबाट प्रतिबन्धित औषधी सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

फागुन १४ गते बुधवार सुनसरीको ईटहरी उप-महानगरपालिका-५ स्थितमा अस्थायी प्रहरी चौकी जनता बस्तीबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा स्थानिय २६ बर्षीय बिवश घिमिरेलेको साथबाट ट्रामाडोल १ सय ६० क्याप्सुल र स्पास्पेन १ सय ६० क्याप्सुल सहित पक्राउ गरेको छ। त्यसैगरी इलका प्रहरी कार्यालय छिन्ताङ धनकुटाबाट गस्तिमा खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा धनकुटाको सहिदभुमि गाउँपालिका-३ का नेजा राई र आशिष राईलाई प्रतिबन्धित औषधी ट्रामाडोल र स्पासपेन गरी २०ट्याबलेट सहित पक्राउ गरेको थियो।

प्रतिबन्धित औषधी सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश





# अपराध अनुसन्धान समिक्षा गोष्ठी सम्पन्न

बिराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा कोशी प्रदेश प्रहरी कार्यालयको समन्वय एवं सहकार्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागद्वारा आयोजित "एक दिवसिय प्रदेश स्तरिय अपराध अनुसन्धान समिक्षा गोष्ठी-२०८१ सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि माननीय आन्तरिक मामिला तथा कानून मन्त्री रेवती रमण भण्डारीज्यूले समाजमा शान्ति सुरक्षा स्थापना गर्न तथा अपराध अनुसन्धान गर्ने कार्यमा नेपाल प्रहरी सवल एवं सक्षम रहेको वताउनु हुँदै नेपाल प्रहरीलाई आगामी दिनमा श्रोत साधन सम्पन्न बनाई अपराध अनुसन्धान कार्यमा थप शसक्त वनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनु भयो। साथै वहाँले यस अपराध अनुसन्धान गोष्ठीले प्रहरीले गर्ने अपराध अनुसन्धान लाई सफल बनाउन कोशेढुंगा सावित हुने बताउदै गोष्ठीको पूर्ण सफलताको कामना व्यक्त गर्नु भएको थियो।

नेपाल प्रहरीको बार्षिक कार्ययोजना अनुसार फागुन १२ गते भएको समिक्षा गोष्ठीको प्रमुख अतिथि कोशी प्रदेश सरकारका माननीय आन्तरिक मामिला तथा कानून मन्त्री रेवती रमण भण्डारीले पानसमा दिप प्रज्वलन गरी कार्यक्रमको औपचारिकरुपमा समुद्घाटन गर्नु भएको थियो।

अपराध अनुसन्धानमा बढेको चुनौतिहरु र समाधानका उपायहरु पत्ता लगाउन अपराध अनुसन्धानमा नयाँ नयाँ प्रविधिको प्रयोग गर्ने, अनुसन्धानको विद्यमान अवस्थाको समिक्षा गरी सुधारका क्षेत्रहरूको पहिचान गर्नुका साथै नविन विचारहरूको अवलम्बन गरी अनुसन्धानमा देखिने कानूनी तथा अन्य समस्याको समाधानका उपायहरू अवलम्बन गर्ने, साईवर कसुर अनुसन्धान सम्बन्धी नविन कानूनको अवस्था र अभ्यासका बारेमा जानकारी गराई कार्यान्वयनमा एकरूपता कायम गर्न, अनुसन्धानको प्रभावकारीता अभिवृद्धिका लागी अनुसन्धान कर्ताहरू बिच समन्वयको विकास र अपराध अनुसन्धानमा देखिएका समस्या र चुनौतीहरू सम्बोधन गर्नको लागि साझा धारणा विकास गर्ने, विद्यमान जनशक्ति तथा स्रोत र साधनहरु वीचको अधिकतम परिचालन एवं अन्तर कार्यालयहरुको अनुसन्धानमा खटिने प्रहरी कर्मचारीहरुविच निरन्तर अन्तर्क्रिया, छलफल र समन्वय भएमा अपराध अनुसन्धान कार्यमा सहजता आउने र उत्पन्न समस्याहरु समाधान गर्न सहज बनाउने उद्देश्यका साथ प्रदेश स्तरिय अपराध अनुसन्धान गोष्ठीको आयोजना गरिएको थियो।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतले नेपाल प्रहरी स्थापना काल देखिनै समाजमा शान्ति सुरक्षा कायम राख्न र अपराध नियन्त्रण गर्ने कार्यमा नेपालको कानून बमोजिम निष्पक्षरुपमा अनुसन्धान गर्दै आईरहेको र समाजमा शान्ति सुरक्षा कायम राख्न सवैको सहकार्य आवश्यक रहेको बताउदै अपराध अनुसन्धानको क्रममा देखिएका समस्यालाई उजागर गर्न र अपराध अनुसन्धान गर्ने तल्लो इकाईमा बास्तविक अनु सन्धानमा देखिएका समस्याको बारेमा जानकारी लिई समस्या समाधान गर्न गोष्ठीले महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताएका थिए।

साथै वहाँले अपराधका प्रकृति र प्रवृत्ति परिवर्तित हुँदै गईरहेको सन्दर्भमा अव प्रहरीले गर्ने अनुसन्धानलाई प्राप्त श्रोत साधनहरूको अधिकतम उपयोग गरी कानुनी परिधि भित्र रही वैज्ञानिक, प्रमाणमुखी र पीडित मैत्री अनुसन्धान गर्न तथा प्रहरीले गर्ने अनुसन्धानलाई सफल बनाउन अनुसन्धान अधिकारीले प्रभावकारी भुमिका निर्वाह गर्न, आफ्नो जिम्मेवारीलाई पहिलो प्राथमिकताका साथ कार्यान्वयन गर्न, घटना स्थलको सुरक्षामा आम नागरिकको भुमिकाको वारेमा नागरिकहरुमा सचेतना अभिबृद्धि गर्न गोष्ठीमा उपस्थित जिल्ला प्रहरी प्रमुख लगायत अनुसन्धान अधिकृत हरुलाई निर्देशन दिनु भएको थियो।

गोष्ठीमा कार्यक्रमका विशिष्ट अतिथि मोरङ जिल्ला अदालतका माननीय न्यायाधीश श्रीमान् सीता शर्मा अधिकारीले प्रहरीले गर्ने अनुसन्धानले नै न्याय सम्पादन हुने हुँदा अनुसन्धानलाई पारदर्शी, स्वच्छ र तथ्यपरक बनाउन प्रहरीले निष्पक्ष र प्रभावकारी भुमिका निर्वाह गर्नु पर्ने वताउँदै शुभकामना सहितको मन्तव्य राख्नु भएको थियो भने, कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले प्रहरीले गर्ने अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन भर्ना छनौट प्रकृया देखिनै बैज्ञानिक पद्दति अनुसार दक्ष प्रहरी जनशक्ति उत्पादन गरी प्रविधिको उच्चतम प्रयोग गरी अपराध अनुसन्धान गर्न आवश्यक रहेको बताउदै गोष्ठीमा भएका महत्वपूर्ण बिषयहरु र विभागिय प्रमुखबाट भएका निर्देशनलाई हृदयगम गरी कार्यान्वयन गरिने प्रतिबद्दता व्यक्त गर्नुका साथै कार्यक्रमका प्रमुख अतिथि लगायत सम्पूर्णमा शुभकामना सहितको धन्यवाद मन्तव्य राख्नु भएको थियो।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी बरिष्ठ उपरीक्षक कृष्ण प्रसाद पगेनीले कार्यक्रमको औचित्य सहितको स्वागत मन्तव्य व्यक्त गर्नुका साथै सम्पत्ति शुद्धीकरण अपराध संग सम्बन्धित कानूनी व्यवस्था, अपराध अनुसन्धान सम्बन्धी प्रकृया र अनुसन्धानमा देखिएका चुनौतीहरुको विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो। यसै गरी कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीले समग्र प्रदेशको अपराधको अवस्था, अपराध अनुसन्धानमा प्रदेश प्रहरी कार्यालयको भुमिका र तालुक कार्यालयसँगको अपेक्षा सहितको प्रस्तुतिकरण गर्नु भएको थियो। यसै गरी नेपाल प्रहरी प्रधान कार्यालयका प्रहरी नायव उपरीक्षक गणेश बहादुर बमले अपराध अनुसन्धानको वर्तमान अवस्था र भावि कार्ययोजनाहरुका विषयमा र जिल्ला सरकारी वकिल कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता नवराज पराजुलीले अपराध अनुसन्धानको क्रममा हुने त्रुटीहरु, नविनतम् कानूनी प्रावधानहरुको प्रयोग र सुधारका क्षेत्रहरूका बारेमा आफ्नो भनाई राख्नु भएको थियो।

यसै गरी नेपाल प्रदेश प्रहरी कार्यालय धरानका प्रहरी वरिष्ठ उपरीक्षक जयराज सापकोटाले अपराध विश्लेषण, अनुगमन बाट देखिएका विषयहरू र सुझावहरुको वारेमा तथा कोशी प्रदेश अन्तर्गतका १४ वटै जिल्ला प्रहरी कार्यालय प्रमुखहरुले आ-आफ्नो जिल्लाको समग्र बस्तुस्थिति, अनुसन्धानमा गरिएका नविन प्रयोगहरु तथा अनुसन्धानमा देखिएका समस्या र चुनौतीका विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो। उक्त अपराध अनुसन्धान समिक्षा गोष्ठीमा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्ले सहित प्रहरी अधिकृतहरु तथा कोशी प्रदेश अन्तरगत रहेका मुद्दा चल्ने इलाका प्रहरी कार्यालयहरुका प्रमुख र जिल्ला प्रहरी कार्यालय तथा मुद्दा चल्ने इलाका प्रहरी कार्यालयहरुका अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी अधिकृतहरुको समेत सहभागिता रहेको थियो भने कार्यक्रमको पहिलो चरणमा संचारकर्मीहरुको समेत उपस्थिति रहेको थियो।

## सहकारी...

अमेरिकामा २००७-०८ को विश्व वित्तीय संकटपछि बैक तथा वित्तीय क्षेत्र नियमन गर्ने सन्दर्भमा लागू गरिएको डोड-फ्रांक ऐनमा गरिएका प्रावधान क्रेडिट युनियन (वित्तीय सहकारी) मा पनि लागू गरिएकाले तिनीहरूको लागत बढ्न गई कति सञ्चालन हुन नसक्ने अवस्थामा पुगेका थिए। त्यसले बजारमा प्रतिस्पर्धा कम हुने स्थिति खडा भएको थियो।

हाल सहकारीमा मात्र नभई सबै क्षेत्रमा लागू भएका ऐन-नियमहरू न्यून हुनुपर्ने मान्यता बढ्दो छ। उदाहरण का लागि – अमेरिकामा २०२५ जनवरी २० मा स्थापना भएको रार्ष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले नियमहरू लाई व्यापक रूपमा सरल, सहज र संक्षिप्त बनाउने नीति अनपाएको छ भने भारतको २०२५ फेब्रुअरी १ मा सार्वजनिक बजेट वक्तव्यमा विद्यमान अत्यधिक नियम हरू लाई न्यूनतम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

नेपालमा पनि सहकारी सम्बन्धमा सहकारीका मूल्य-मान्यता तथा सिद्धान्तअनुसार सीमित प्रावधानहरू तोकिनुपर्छ। त्यसको पालना भए-नभएको भनेर निरन्तर रूपमा अनुगमन हुनुपर्छ। सरकारी क्षेत्रबाट सहकारीको स्वायत्ततामाथि प्रतिकूल असर पर्ने गरी कुनै हस्तक्षेप हुनु हुँदैन।

बरू सहकारी नियमन प्राधिकरणले सहकारीका सदस्य, सञ्चालक व्यवस्थापक र कर्मचारीका साथै सर्वसाधारणलाई सहकारीबारे राम्रो जानकारी दिएर सहकारीलाई सफलतासाथ सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्छ। सेतापाटीबाट

# दौडमा पुरूष तर्फ लिम्बु र महिला तर्फ बस्नेत प्रथम



विराटनगर। विराटनगर मा जारी प्रथम कोशी प्रदेश खेलकुद महोत्सव- २०८१ प्रदेशस्तरीय एथलेटिक्स प्रतियोगिता अन्तर्गतको पुरुष ५ किलोमिटर सडक दौड प्रतियोगितामा तेह्रथुमका सरोज लिम्बू प्रथम हुनुभएको छ। लिम्बूले ५ किलोमिटरको रोड रेस १५ मिनेट ४४ सेकन्डमा पूरा गर्दै प्रथम भएको थियो।

कोशी प्रदेशका सामाजिक विकास मन्त्री तथा कोशी प्रदेश खेलकुद महोत्सव मूलसमारोह समितिका अध्यक्ष पाँचकर्ण राईले उद्धाटन गर्नु भएको सडक दौडमा पाँचथरका ओसन राईले १५ मिनेट ४७ पूरा गर्दै दोस्रो स्थान हासिल गर्नु भएको थियो भने ताप्लेजुङ्ग अमिर लिम्बूले १६ मिनेट ११ सेकन्डमा रेस पूरा गर्दै तेस्रो स्थान प्राप्त गर्नु भएको थियो।

त्यस्तै, ५ किलोमिटरको महिला सडक दौडमा खोटाङ्की द्रिपा बस्नेतले १९ मिनेट ४० सेकन्डमा पूरा गर्दै प्रथम हुनुभएको थियो भने २० मिनेट १३ सेकन्डमा पूरा गर्दै पाँचथरकी पुष्पा लिम्बूले दोस्रो स्थान हासिल गर्नु भएको थियो।

तेस्रो स्थान २० मिनेट ३२ सेकन्डमा दौड पूरा गर्नुभएकी संखुवासभाकी सुनकला राईले प्राप्त गर्नु भएको महोत्सवको एथलेटिक्स प्रतियोगिता संयोजक थलु राजभण्डारीले जानकारी दिनु भयो।

# लागुऔषध सहित नौ पक्राउ

विराटनगर। झापा, मोरङ, सुनसरी र उदयपुरको विभिन्न स्थानहरुबाट प्रतिबन्धित लागूऔषध सहित प्रहरीले ९ जनालाई पक्राउ गरेको छ।

फागुन १३ गते मंगलवार लागूऔषध नियन्त्रण ब्यूरो बिराटनगरबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा बिराटनगर महानगर पालिका-१५ स्थितमा भारत बाट नेपाल तर्फ आउदै गरेका मोरङ उर्लाबारी नगर पालिका-६ का ३२ बर्षीय सन्नी लामालाई ८ ग्राम ४१० मिलिग्राम ब्राउन सुगर, सुनबर्षी नगरपालिका-१ का २२ बर्षीय सनम तामाङलाई १ ग्राम ४४० मिलिग्राम र पथरी शनिश्चरे नगर पालिका-६ का २२ बर्षीय अनिल राईलाई २ ग्राम १४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी झापाको इलाका प्रहरी कार्यालय दमकबाट खटीएको प्रहरी टोलिले पाचँथर मिक्लाजुङ गाँउपालि का-५ का २६ बर्षीय बिशाल भुजेललाई ट्रमाडोल-१४० क्याप्सुल, स्पासेन-१४० चक्की सहित पक्राउ गरेको छ भने इलाका प्रहरी कार्यालय काँकरभिट्टा र इलाका प्रहरी कार्यालय नकलबन्दाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका-५ का ५२ बर्षीय देवी प्रसाद बुढाथोकीलाई ५६० ग्राम गाजाँ सहित पक्राउ गरेको थियो।

सुनसरीको वडा प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलिले धरान उप-महानगरपालिका-१५ का २६ बर्षीय गणेश राई, २५ बर्षीया भिम कुमारी बिश्वकर्मा र ३० बर्षीय आशिष खातीलाई ट्रमानिल-११ सय ९४ क्याप्सुल, स्पासपेन-१४ सय ९० ट्याब्लेट, स्पासरेष्ट-७, डेकोलिक -११ सय ७५ र मेडोमोल-८ चक्की प्रतिबन्धित औषधी सहित पक्राउ गरेको छ भने जिल्ला प्रहरी कार्यालय उदयपुरले त्रियुगा नगरपालिका-१२ का १९ बर्षीय दिलिप घिमिरेलाई डाईजेपाम- ६, फेनार्गन -६, आईपिपिएल-६ गरी १८ एम्पुल सहित पक्राउ गरेएको छ।

प्रतिबन्धित लागूऔषध सहित पक्राउ परेको उनिहरुको थप अनुसन्धान भईरहेको छ।

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं।।